आठराई त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ,ताप्लेजुङ
१ नं प्रदेश नेपाल

प. स: २०७७/०७८
च.नं.

मिति:-२०७८/०१/२४

## सूचना !!!! सूचना !!!! सूचना !!!!

विश्वभर फैलिरहेको COVID-19 NEW VARIANT संक्रमण दर दिन प्रतिदिन तिब्र रुपले फैलिरहेको हुंदा मिति २०७८/०१/२४ गते बसेको कार्यापालिकाको बैठकको निर्णयअनुसार मिति २०७८/०१/२५ गते देखि मिति २०७८/०२/०१ गते सम्म लागु हुने गरी आठराई त्रिवेणी गाउँपालिका भित्र देहाय बमोजिम गर्न गराउन सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको ब्यहोरा अनुरोध छ ।

देहाय:

१. नेपाल सरकार, प्रदेश सरकार र जिल्ला संकट व्यवस्थापन समितिले तोकेको नियम पालना तथा स्वास्थ्य प्रोटोकलको पालना गर्ने ।

२. अत्यावाश्यक काम बाहेक घरवाट ननिस्कने । निस्किनै पर्ने भएमा स्वास्थ्य सुरक्षाका मापदण्डको पुर्णरुपकमा पालना गरेर मात्र निस्कने । नियमित रुपमा सावुन पानीले हात धुने अनिबार्य मास्कको प्रयोग गर्ने र सेनीटाईजर प्रयोग गर्ने गराउनरे ।

३. हाट वजार, मेला, उत्सव, जात्रा, विवाह, भोज लगायत भिड भाड हुने कार्य नगर्ने, नगराउने ।

४. मठ, मन्दिर, मस्जिद, चर्च, गुम्वा, भोज लागयतमा नियमित गर्नु पर्ने पुजा बाहेक मानिस जमघट हुने गरी पुजा पाठको कार्य नगर्ने, नगराउने ।

५. साना वालबालिका, जेष्ठ नागरिक र दीर्घरोगीहरु विरमी भई अस्पताल वा स्वास्थ्य संस्था जानु परेको अवस्थामा बाहेक घरवाट बाहिर ननिस्कने ।

६. सवै प्रकारका सभा, सम्मेलन, गोष्ठि, सेमिनार, मनरञ्जन स्थल, सैलुन, ब्यूटीपार्लर, जिमखाना, कवड हल, समुहमा खेल्ने खेलकुद पुस्तकालय आदि संचालन नगर्ने, नगराउने ।

७. कोभीड-१९ को लक्षण देखिएमा वा त्यस्ता प्रकारका कुनै स्वास्थ्य समस्या देखा परेमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मचारी वा जनप्रतिनिधिहरुसँग सम्पर्क गर्ने ।

८. औषधि तथा स्वास्थ्य सामाग्रहरु विक्रि गर्ने पसलहरु खुल्ला राख्ने ।



विश्वनाथ सिटौला
अध्यक्ष

Scanned with CamScanner

आठराई त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ,ताप्लेजुङ
१ नं प्रदेश नेपाल

प. स: २०७७/०७८

९. दैनिक उपभोग्य सामाग्रीहरु खाद्यान्य, फलफुल, तरकारी, पानी, माछामासु, अण्डा, दुग्धजन्य पदार्थ, खाना पकाउने ग्याँस लगायतका दैनिक उपभोग्य वस्तुका पसलहरु र आयोजनाहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु बिक्री वितरण गर्ने पसलहरु र अन्य पसलहरु विहान ६:०० बजेदेखि १०:०० बजेसम्म र बेलुका ४:०० बजेदेखि बेजुका ६:०० बजे सम्म मात्र खुल्ला गर्ने, गराउने ।

१०. विवाह, व्रतवन्ध, छेवर, पास्नी जस्ता सामाजिक कार्य गर्दा स्वास्थ्य सुरक्षाको मादण्ड पालना गर्दै बढीमा २५ जनामा नवढ्ने गरी गर्ने, गराउने ।

११. समाजिक परम्परा अनुसार दाहा संस्कारका लागि मलामी जाँदा स्वास्थ्य सुरक्षको मापदण्डहरुको पालना गरी बढमा २५ जना मात्र मलामी जाने ।

१२. संचालित होटल तथा रेष्टुरेन्ट, चिया पसल यो अवधि भर बन्द गर्ने, गराउने ।

१३. कामदारहरुलाइ भौतिक तथा समाजिक दुरी कायम गराई स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरी गराई काममा लगाउने कार्यस्थलमा काम गराउँदा मास्क पन्जा स्यानिटाइजर वा हात धुने सावुन पानी सम्बन्धित निर्माण व्यावसायी वा रोजगारदाताले उपलब्ध गराउने ।

१४. पालिकाको सिफारिसमा सवै शंकास्पद विरामीको PCR जाँच गराउने सोका लागि यतायातको व्यावस्था र जाँच शूल्क गाँउपालिकाले व्यवस्था गर्नेछ ।

१५. हाङपाङमा संचालित रा.वा. बैंकबाट प्रवाह हुने सामाजिक सुरक्षा लगायत अन्य कामकाजहरु यस अवधि भरि बन्द हुने व्यहोरा जानकारी साथ अनुरोध छ ।

१६. गाउँपालिकाको कार्यालयले अति आवश्यक बाहेक अन्य सेवाहरु यो अवधि भर बन्द गर्नेछ ।

विश्वनाथ सिटौला
अध्यक्ष

website:aathraitribenimun.gov.np aathrai.tribenimun@gmail.com Tel: 9852660960

Scanned with CamScanner